आज मिति २०७५/१२/२६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ११:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चकपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

**प्रस्ताव नं. ४०.१**

**जितगढी विजय उत्सव सम्बन्धमा ।**

**निर्णय नं. ४०.१**

बुटवलको शान जितगढी किल्लाको ऐतिहासिक एवं पुरातात्विक महत्वलाई उजागर गर्दै कर्णेल उजिर सिंहको नेतृत्वमा रहेको नेपाली सेनाले अग्रेज सेनालाई परास्त गरेको दिनको स्मरणमा विगत वर्षहरुमा जितगढी विजय उत्सव मनाउदै आएकोमा गत वर्ष देखि बैशाख ७ गतेको दिनलाई जितगढी बिजय उत्सवका रुपमा मनाउने गरिएको छ । यस वर्षको विजय उत्सवको सिलसिलामा सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीज्यू, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यू, उप-प्रधानमन्त्री ईश्वर पोखरेलज्यू, माननीय विष्णु प्रसाद पौडेलज्यू (पूर्वमन्त्री), प्रमुख प्रतिपक्षी दल ने.का.का महामन्त्री डा.शशांक कोईरालाज्यू र प्रधान सेनापतिज्यू समेतका विशिष्ट अतिथिज्यूहरुको सभागितामा विशेष उत्सवको रुपमा मनाउन लागिएको उक्त उत्सवलाई भव्य रुपमा सम्पन्न गर्ने विषयलाई दृष्टिगत गरी विजय उत्सव तयारीका लागि विनियोजित वजेट शीर्षकको हकमा सोही शीर्षकबाट र नपुग बजेटको हकमा नियमित तथा आकस्मिक शीर्षकबाट खर्च जनिने गरी विजय उत्सव अगाडि आवश्यक देखिएका अन्य पूर्वाधारका कार्यहरुको निर्माण प्रक्रिया यथासिघ्र अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४०.२**

**"घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धमा ।**

**निर्णय नं. ४०.२**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभूत विशेषताहरुलाई अक्षुण राखि सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा बुटवल उप-महानगरपालिकाद्वारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए/नभएको सम्बन्धमा गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भएको देहाय बमोजिमको निर्माण व्यवसायी फर्मलाई नयाँ इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | **निर्माण व्यवसायी फर्म** | **ठेगाना** |
|---|---|---|
| १. | कृष्ण कन्स्ट्रक्सन | बुटवल-११ |

**प्रस्ताव नं. ४०.३**

**ज्येष्ठ नागरिक (पाका पुस्ता) मन्च गठन तथा सञ्चालन कार्यविधि, २०७५ सम्बन्धमा ।**

**निर्णय नं. ४०.३**

यस बुटवल उप-महानगरपालिका द्वारा सञ्चालन गरिने कार्यक्रम र प्रवाह गरिने सेवामा ज्येष्ठ नागरिकहरुको ज्ञान, सीप, अनुभव र भूमिका सहित परिचालन र संस्थागत रुपमा विकास गर्ने गरी आजको बैठकमा प्रस्तुत हुन आएको ज्येष्ठ नागरिक (पाका पुस्ता) मन्च गठन तथा सञ्चालन

कार्यविधि, २०७५ टेबुल भई जानकारी भयो । उक्त कार्यविधि अध्ययन गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४०.४**

**विविध**

**प्रस्ताव नं.४०.४.१**

**कार्यदलको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.१**

बुटवल उप-महानगरपालिकाद्वारा शैक्षिक क्षेत्रको व्यवस्थापनका लागि गठित कार्यदलको तोकिएको समय सीमा मिति २०७५/११/२८ गते समाप्त भएको र ती कार्यदललाई सुम्पिएको जिम्मेवारी तोकिएको समय सीमाभित्र पुरा गर्न नसकिएको र काम पुरा गर्न समय थप गर्न आवश्यक भएकोले देहाय बमोजिमका कार्यदलहरुको म्याद थप गर्ने निर्णय गरियो ।

१. आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण कार्यदलको म्याद थप सम्बन्धमा । कार्यदलले प्रारम्भिक मस्यौदा तयार गरी एक दिनको सरोकारवालाहरुसँगको अन्तरक्रिया पश्चात: अन्तिम मस्यौदा तयार गर्नुपर्ने भएकोले उक्त कार्यदलको म्याद २०७६/०१/१० सम्म थप गर्ने ।

२. नगर शिक्षा योजना निर्माण कार्यदलले विभिन्न स्थानमा पुगी तथ्याङ्क सङ्कलन र लक्षित समूह छलफल समेत गरिरहेको, लेखन कार्य प्रारम्भ गरे पनि पूर्णता दिन समय लाग्ने भएकोले उक्त कार्यदलको म्याद २०७६/०२/१५ सम्म थप गर्ने ।

**प्रस्ताव नं. ४०.४.२**

**खुल्ला क्षेत्र सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.२**

मिति २०७५/११/३० मा बसेको नगर कार्यपालिका बैठकको निर्णय नं. ३९.१० मा जितगढी किल्ला क्षेत्रलाई खुल्ला राख्ने प्रयोजनका लागि कवर्ड हलको छाना बाहेक अन्य संरचना मात्र भत्काउने भनि निर्णय भएकोमा उक्त स्थानको भौगोलिक अवस्था, सुरक्षा व्यवस्था र ट्रष्टको जिर्ण अवस्था समेतलाई मध्यनजर गर्दा छाना हटाउन प्राविधिक पक्षबाट समेत आवश्यक भएको हुँदा उक्त संरचनाको छाना समेत हटाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४०.४.३**

**पुराना मालसामान लिलाम बिक्री सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.३**

जितगढी सम्पदा स्थलमा भएका संरचनाहरु भत्काउँदा प्राप्त भएका मालसामानहरुको डाँक बढाबढ गरी लिलाम गर्न देहाय बमोजिमको ३ सदस्यीय कार्यदल गठन गर्ने र उक्त समितिले सामान्य प्रशासन तथा सुशासन प्रवर्धन महाशाखाबाट पेश भए बमोजिमको प्रस्तावको प्रक्रिया र विधि अवलम्वन गरी याथाशिघ्र स्थान खाली गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

श्री टंक प्रसाद पराजुली, कार्यपालिका सदस्य -संयोजक

श्री शिव नारायण शाह, वरिष्ठ अधिकृत -सदस्य

श्री रुक्मागत बस्याल, इन्जिनीयर -सदस्य

**प्रस्ताव नं. ४०.४.४**

**बुटवल उप-महानगरपालिकाको गरिबी निवारणका लागि "Peri Urban" कार्यक्रमलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७५ सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.४**

गरिबी निवारण कोषको "Peri Urban" कार्यक्रम अर्न्तगत यस उप-महानगरपालिकामा रहेका समूह र ती समूहले परिचालन गरेका कोषको समुचित परिचालन एवं नियमन गर्ने प्रयोजनका लागि पेश भई आएको गरिबी निवारणका लागि "Peri Urban" कार्यक्रमलाई व्यवस्थापन गर्न वनेको कार्यविधि, २०७५ प्रस्तुत भई टेबुल भयो । उक्त कार्यविधि अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४०.४.५**

**जितगढी विजय उत्सव सचिवालय गठन सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.५**

जितगढी विजय उत्सव भव्य एवं सभ्य रुपमा मनाउने सन्दर्भमा आइपर्ने विषयवस्तुहरुलाई छिटो छरितो र तत्काल निर्णय लिई कार्य सम्पादनमा सहजिकरण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको विजय उत्सव सचिवालय गठन गर्ने निर्णय गरियो ।

प्रमुख, बुटवल उप-महानगरपालिका -संयोजक

उप-प्रमुख, बुटवल उप-महानगरपालिका -सह-संयोजक

प्रमुख प्रशासकीय अधिकृत, बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय -सदस्य

संयोजक, सबै उप-समितिहरु -सदस्य

सदस्य-सचिव, सबै उप-समितिहरु -सदस्य

सामान्य प्रशासन तथा सुशासन प्रर्वधन महाशाखा प्रमुख, नगर कार्यपालिकाको कार्यालय -सदस्य सचिव

**प्रस्ताव नं. ४०.४.६**

**बजेट व्यवस्था गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.६**

नगर संगको समन्वय वा सहकार्यमा संचालन भएका वा हुने बिभिन्न खेलकुद कार्यक्रमका सन्दर्भमा भएका खर्चहरु भुक्तानी गर्नु पर्ने भएको हुदा युवा संग बुटवल उप-महानगरपालिका कार्यक्रम शीर्षकमा बिनियोजित रु. १० लाख मध्येको रु. ५ लाख वजेटबाट खेलकुदका बिभिन्न शीर्षकहरुमा भएका तथा हुने खर्चहरु क्रमश: भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**प्रस्ताव नं. ४०.४.७**

**वातावरणमैत्री उद्योगलाई प्रोत्साहित गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ४०.४.७**

यस बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका नरैनापुर धाम, कपरकट्टी सिमसार क्षेत्र, मणिमुकुन्द सेनपार्क, जितगढी किल्ला, मिलन पार्क, सिद्धबाबा, हिलपार्क जस्ता ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक क्षेत्रहरुलाई पर्यटनमैत्री र वातावरणमैत्री राख्न आवश्यक भएको हुँदा उक्त स्थानको आसपास प्रदुषणयुक्त क्रेसर, सिमेन्ट उद्योग, इट्टाभट्टा एवं अन्य प्रदुषणजन्य उद्योग स्थापना, ठाउँसारी जस्ता कार्य हुन नदिई वातावरणमैत्री उद्योगलाई प्रोत्साहन गर्ने नीति लिई सोही वमोजिम कार्यान्वयन गर्ने गराउने व्यबस्था मिलाउन सवै वडा कार्यालयहरुलाई लेखि पठाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।